# महाकाली विकास बैंक लिमिटेड
## Mahakali Bikas Bank Limited
को

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७१।०९।०४ मा बसेको सञ्चालक समितिको ११३ औं बैठकको निर्णयानुसार यस बैंकको सातौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल गरि निर्णयार्थ तपसील को मिति, समय र स्थानमा बस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभाको :**

मिति :२०७१।०९।२६ शनिबार (तद्अनुसार २०१५ जनवरी १०) ।

समय :बिहान ११:०० बजे । स्थान : होटल ओपेरा, महेन्द्रनगर, कञ्चनपुर

**छलफलका विषयहरु :**

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०७०।०७१को सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको२०७१आषाढमसान्तको वासलात, २०७०।०७१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१।०७२ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।(वर्तमान लेखा परीक्षक सुजनकुमार काफ्ले एण्ड एशोसियट्स पुनः नियुक्तिका लागियोग्य हुनु हुन्छ) ।

(ख) विशेष प्रस्तावः

१.उपयुक्त देखिएका अन्य बैंक तथा वित्तीय संस्थासंग गाभ्ने/गाभिने (मर्ज गर्ने) सम्बन्धी निर्णय गनसञ्चालक समितिलाई अख्तियारी दिने ।

२.बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन तथा प्रस्तावित संशोधन नियमनकारी निकायबाट फेरदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनकालागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

(ग) विविध ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**

१) साधारण सभा प्रयोजनको लागि मिति २०७१।०९।१३ देखि २०७१।०९।२६ सम्म शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ ।

२) साधारण सभामा उपस्थित हुने शेयरधनीज्यूहरुले प्रवेशपत्र साथमा लिई आउनु होला । (प्रवेशपत्र लिन बाकी सदस्यहरुले शेयरधनी प्रमाण पत्र र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपले लिई आउनु पर्नेछ ।

३) शेयरधनीज्यूहरुको लगतमा कायम ठेगानामा हुलाक/कुरियरबाट पठाई सकिएको वार्षिक प्रतिवेदन कारणवश प्राप्त गर्न नसक्नु भएको भए बैंकको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ ।

४) साधारण सभामा सहभागिताका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ ।

५) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत भएको पाईएमा यस्तो प्रोक्सी स्वःत बदर हुनेछ ।

६) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा सहभागी हुन वा प्रोक्सी तोक्न पाउनेछन् ।

७) शेयरधनीहरुले सभामा राखेको जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपमा जानकारी दिइनेछ ।

८) संयुक्तरुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा उल्लेख भएको पहिलो नामको व्यक्ति अथवा सर्वसम्मत रुपमा प्रतिनिधित्व गर्ने एक व्यक्तिले मात्र सभामा सहभागिता जनाउन र मतदान गर्न पाउनेछन् ।

९) साधारण सभामा सहभागी हुने सबै शेयरधनीज्यूहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा बिहान १० बजे देखि दिउसो १२ बजे भित्र उपस्थिती जनाई सक्नु पर्नेछ ।

१०) साधारण सभामा छलफल र पारित नहुने गरी कुनै विषयमा लिखित जिज्ञासा वा सुझाव सभा हुने ७ (सात) दिन अगाडी नै बैंकको रजिष्टर्ड कार्यालयमा पठाउन सक्नु हुनेछ ।

११) अन्य कुनै जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय वा शेयर रजिष्ट्रार एस क्यापिटल, लाल दरबार, काठमाण्डौंमा सम्पर्क राख्न वा बैंकको वेवसाइट **www.mbbl.com.np** मा हेर्नु हुन अनुरोध छ ।

**सञ्चालक समितिको निर्देशानुसार**

............................